नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय, बाँके
बाँके, नेपालगंज ।

☎ ०८१-५२०१८८
०८१-५२०२८०
Fax : ०८१-५२०६७६
इमेल: cdonpj@gmail.com

पत्र संख्या : ०७७।०७८
चलानी नं :

मिति : २०७८।०३।२१

## बाँके जिल्लाका प्रमुख जिल्ला अधिकारीबाट जारी आदेश

बाँके जिल्लामा कोभिड-१९ सङ्क्रमणको दर क्रमश: घट्दै गएको भए पनि जोखिमको सम्भावना कायम नै रहेकोले सो को रोकथाम तथा नियन्त्रणलाई प्रभावकारी बनाउन नेपाल सरकार (मन्त्रिपरिषद्) को निर्णय, कोभिड-१९ संकट व्यवस्थापन अध्यादेश, २०७८ को दफा ४ र स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६(३) बमोजिम बाँके जिल्ला भर लागु हुने गरी मिति २०७८।०३।२२ गते देखि मिति २०७८।०३।३१ गतेसम्म देहाय बमोजिमको आदेश जारी गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ।

शिवराम गेलाल
प्रमुख जिल्ला अधिकारी

### देहाय

१. देहाय बमोजिमका सेवा र कार्यहरू हाललाई सञ्चालन नगर्ने:-

क) शैक्षिक संस्थाहरू (विद्यालय, कलेज, ट्युसन सेन्टर, तालिम केन्द्र),
ख) सबै प्रकारका सभा, प्रदर्शन, भेला तथा सम्मेलन,
ग) सिनेमा हल, फन पार्क, पार्टी प्यालेस, क्यासिनो, दोहोरी, डान्सबार, स्पा, सेलुन तथा ब्युटी पार्लर,
घ) स्विमिङ पुल, जिमखाना लगायत हेल्थ क्लब, समूहमा खेलिने खेलकुद र खेलमैदानमा हुने प्रस्तुती,
ङ) पुजारीबाट हुने नित्य पूजा बाहेकका सबै प्रकारका धार्मिक तथा साँस्कृतिक गतिविधिहरू,
च) लामो दुरीका यात्रुबाहक सार्वजनिक सवारी साधन,
छ) औषधी उपचार, अत्यावश्यक काम र राजमार्ग प्रयोग बाहेक अनुमति बिना बाँके जिल्ला प्रवेश।

२. मास्क, भौतिक दुरी लगायत जनस्वास्थ्यका मापदण्डहरूको अनिवार्य पालना हुने व्यवस्था मिलाई देहाय बमोजिमका सेवा, कार्य र सवारी साधन सञ्चालन गर्ने:-

क) सबै सार्वजनिक निकायहरूबाट हुने सेवा प्रवाह (कार्यालयमा भिडभाड नहुने उपाय अवलम्बन गरी सेवा प्रवाहको व्यवस्था सम्बन्धित कार्यालय प्रमुखले मिलाउने),
ख) कृषि कार्य, उद्योग, कलकारखाना, निर्माण कार्य (निर्माणस्थलमै श्रमिक, कामदार रहने गरी)
ग) औषधी लगायत अत्यावश्यक एवं दैनिक उपभोग्य बस्तु तथा सेवा, रेष्टुरेण्टबाट हुने टेक अवे सेवा,
घ) बुँदा नं. १ मा उल्लिखित हाल सञ्चालनमा रोक लगाइएका पसल व्यवसाय बाहेक अन्य पसल व्यवसायहरू (विहान ९ बजेदेखि बेलुका ७ बजेसम्म मात्र),
ङ) जिल्लाभित्र सञ्चालन हुने सार्वजनिक तथा निजी सवारी साधन सञ्चालन,
च) विवाह, व्रतवन्ध, मृत्यसँस्कार लगायतका सामाजिक कार्यहरू (बढीमा १५ जनासम्म मात्र सहभागी हुने गरी)
छ) उल्लिखित पेशा व्यवसाय, कार्यमा सम्बद्ध व्यक्तिहरू (परिचय पत्र हुनुपर्ने) ले प्रयोग गर्ने सवारी साधन, अत्यावश्यक सेवा र सो का लागि प्रयोग हुने सवारी साधन, झण्डावाल सवारी, निलो (कुटनीतिक) प्लेट, सञ्चारकर्मी पास एवं जिल्ला प्रशासनबाट अनुमति प्राप्त सवारी साधन र मालवाहक तथा ढुवानीका साधनहरू।

३. उल्लिखित आदेशको पालना गर्नु सबैको कर्तव्य हुनेछ। यसको अवज्ञा गर्नेलाई कोभिड-१९ संकट व्यवस्थापन अध्यादेश, २०७८ बमोजिम कारवाही गरिनेछ।

०७८।३।२१

शिवराम गेलाल
प्रमुख जिल्ला अधिकारी